नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, रौतहट ।

## प्रस्ताव आह्वान सम्बन्धि सूचना ।

**सूचना नं.:- ०७८/०७९-०२**

**प्रथम पटक सूचना प्रकाशन मिति: २०७८/०५/२४**

प्रस्तुत विषयमा परियोजना कार्यान्वयन एकाइ, रौतहटको चालू आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको **स्थानीय तहको लागत सहभागितामा वीउ श्रोत केन्द्र स्थापना कार्यक्रम** सञ्चालन गर्न इच्छुक योग्य आवेदकहरुले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको ढाँचामा तथ्यांक फारम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरण सहितको आवेदन मिति २०७८/०६/२२ गते कार्यालय समयभित्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचा एवं थप अन्य जानकारीको लागि परियोजना कार्यान्वयन एकाइ, गरुडा, रौतहटमा वा मोबाईल नं. ९८६५०७११४३ (सन्तोष कुमार दास, कृषि प्राविधिक) वा ९८४२३३१२१४ (उदय कुमार ठाकुर, कृषि इन्जिनियर) मा सम्पर्क गर्न सकिने छ ।

**आवेदन साथ अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु:**

१ कार्यक्रममा सहभागिताका लागि रु.१० को टिकट टाँस गरिएको अनुसूची-१० बमोजिमको आवेदन ।

२ अनुसूची-१० बमोजिमको आवेदनका साथ माग भएका कागजातहरुको प्रतिलिपि (संस्था दर्ता प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाण पत्र, वीउ बिजन ब्यवसाय सञ्चालन अनुमति पत्र, वीउबिजन कारोबार खुल्ने आ.व. २०७७/०७८ को लेखा परीक्षण प्रतिवेदन,... आदि)

३ परियोजना अन्तर्गत आवेदन दिने तथा प्रस्तावित कार्यक्रमका लागि अनुदान माग सम्बन्धमा कार्य/संचालक समितिको निर्णयको प्रतिलिपि ।

४ निवेदन पेश गर्ने अधिकारिक/अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

५ आवेदक संस्थाको नाममा बैंकमा रहेको खाता नं. खुल्ने कागजातको प्रतिलिपि ।

६ स्थानिय तहको लागत सहभागितामा वीउ श्रोत केन्द्र स्थापना कार्यक्रममा सहभागिताको लागि सम्बन्धित स्थानिय निकायको सिफारिश पत्र ।

७ स्थानिय तहबाट गरिने लागत सहभागिता सम्बन्धमा सम्बन्धित स्थानिय तहको जानकारी पत्र ।

८ कार्यक्रम सञ्चालन हुने स्थानको जगाको जगाधनी प्रमाणपत्रको प्रतिलिपी ।

९ वीउ ब्यवसाय सञ्चालनका लागि सम्बन्धित निकायले तोकेको शर्तहरु पूरा गरेको प्रमाणहरुको प्रतिलिपी ।

**नि. बरिष्ठ कृषि अधिकृत**